# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोनः ०१०-५६०४६९
०१०-५६००६३


प.सं.:-
च.नं.:-

मितिः २०८१।०३।३१

(छाप: विदुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोट बागमती प्रदेश, नेपाल)

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ (१) मा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले आगामी आर्थिक बर्षमा पनि नियमित भत्ता प्राप्त गर्नको लागि सामाजिक सुरक्षा नियमावलीको नियम ९, बमोजिम २०८१ श्रावण ०१ गते देखि भाद्र मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा लाभग्राही स्वयंम उपस्थित भई परियचपत्र नविकरणको लागि निवेदन पेश गर्नुहुन सम्पूर्ण सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।समयमा नै प्राप्त नभएका नविकरण फाराम उपर कुनै कार्वाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**आवश्यक कागजातहरू:**

- लाभग्राहीको सामाजिक सुरक्षा भत्ता परिचयपत्र (कार्ड) सक्कलै,
- लाभग्राहीको पासपोर्ट साइजको फोटो २ प्रति र नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि तथा संरक्षक (आमा/बुबा) को नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- एकल महिला ६० बर्ष माथिको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलपि,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपि तथा अर्को विवाह नगरेको वडाको सिफारिस पत्र,
- सम्बन्ध विच्छेद तथा न्यायिक पृथकीकरण गरी बसेका ६० बर्ष भन्दा माथिका महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र न्यायिक पृथकीकरण भएको प्रमाण तथा अर्का विवाह नगरेको वडाको सिफारिस,
- अपाङ्गता भएको व्यक्तिको हकमा जन्मदर्ता/नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अपाङ्गता परिचय पत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपि,

*नोटः आफै उपस्थित हुन नसक्ने बालबालिका वा अपाङ्गता भएका व्यक्तिको हकमा निजको आधिकारिक संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।*

..............................
**विनोद कुमार खनाल**
**प्रमुख प्रशासकिय अधिकृत**

**बोधार्थः**
*श्री वडा कार्यालय सबैः सूचना पार्टी र आ - आफ्नो वडा भित्र सूचना टाँस गरिदिनुहन ।*